नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरवार, काठमाडौको

## पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०९/१२)

यस मन्त्रालय सम्वद्ध नेपाल पशु चिकित्सा परिषद् मा रिक्त पदहरु खुल्ला प्रतिष्पर्धाद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ दिन भित्र र आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय समयभित्र यस मन्त्रालयको वोर्ड संस्थान डेक्स, सिंहदरवार, काठमाडौमा गोप्य शिलबन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निर्धारित मिति र समयभित्र प्राप्त हुन नआएको तथा रीत नपुगेको दरखास्त स्वीकृत हुने छैन ।

| विज्ञापन नं. | सार्वजनिक निकायको नाम | पद | माग संख्या |
|---|---|---|---|
| ०१/०७८।७९ | नेपाल पशु चिकित्सा परिषद् | अध्यक्ष | १ |
| ०२/०७८।७९ | नेपाल पशु चिकित्सा परिषद् | सदस्य | २ |

१. योग्यता तथा अनुभवः

अध्यक्षको लागि

क) नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा १६ (क) वमोजिम "क श्रेणी" को पशु चिकित्सक

ख) दरखास्त दिने अन्तिम मितिसम्म ३५ वर्ष उमेर पुरा भएको

सदस्यको लागिः

क) नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा१६ (ख) वमोजिम कम्तिमा "ख श्रेणी" को पशु चिकित्सक

ख) दरखास्त दिने अन्तिम मितिसम्म ३० वर्ष उमेर पुरा भएको

२. नियुक्तिको लागि अयोग्य मानिनेः देहायको व्यक्ति पदाधिकारीको पदमा नियुक्ति वा मनोनयनका लागि अयोग्य मानिनेछः-

क) गैर नेपाली नागरिक,

ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष अवधि पूरा नभएको,

घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

ङ) आफू नियुक्त हुने सार्वजनिक निकायमा हिताधिकारी वा लाभग्राही भएको,

च) अध्यक्षको हकमा पैंतीस वर्ष र सदस्यको हकमा तीस वर्ष उमेर पूरा नभएको,

छ) मानसिक सन्तुलन ठीक नभएको

३. दरखास्त पेश गर्ने प्रक्रियाः

क) कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ को अनुसूचि - २ बमोजिमको दरखास्त/प्रतिवद्धता पत्रका साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ग) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि

घ) अनुभव खुल्ने कागजातको प्रतिलिपि

ङ) वैयक्तिक विवरण

च) एक प्रति पासपोर्ट साइजको फोटो

छ) सरकारी निकाय वा संस्थानमा सेवारत आवेदकको हकमा दरखास्त साथ सेवारत निकायबाट स्वीकृति प्रदान गरिएको पत्र दरखास्त